नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, नुवाकोट**

फोन नं.: ०१०-५६०२१६,०१०-५६१८४९
इमेल :pmamp.piu.nuwakot@gmail.com
Website: piunuwakot.pmamp.gov.np

प.सं. २०७८/७९
सू.नं. २३

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई, नुवाकोट

**प्रथम पटक प्रकाशित मितिः २०७९/०१/२२**

विषय : शिलबन्दी दररेट पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको आ.व २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयमा सुचीकृत भएका कृषक समुह, सहकारी र फर्महरु सँग ५०% लागत साझेदारीमा लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्धि कार्यक्रम संचालनको लागी उल्लेखित स्पेसिफिकेशन अनुसार रसुवा जिल्लामा परियोजनाको कार्यक्षेत्रसम्म ढुवानीसमेत गर्ने गरी आपुर्तिकर्ताहरुले उपलब्ध गराउन सक्ने न्युनतम दररेट मिति २०७९/०२/०५ गते सम्म परियोजना कार्यान्वयन एकाइ नुवाकोट, विदुरमा स्थित कार्यालयमा कार्यालय समय भित्र रु.१० को टिकट टाँस गरी शिलबन्दी दररेट पेश गर्नुहुन अनुरोध छ। तोकिएको समय भित्र दर्ता भएका शिलबन्दी दररेटहरुको मिति २०७९/०२/०६ गते परियोजना कार्यान्वयन एकाइ, विदुरमा खोलिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, नुवाकोटको फोन नं. ०१०-५६०२१६ र ०१०-५६०४०० मा सम्पर्क गर्न हुन अनुरोध छ।

**लक्षीत जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्धि कार्यक्रम अन्तर्गत बोयर जातका बोका तथा पाठा, पाठी अनुदान वितरण कार्यक्रम**

**प्राविधिक बिशिष्टिकृत विवरण (Technical Specifications)**

उन्नत वीउ बोकाको विवरण

१. फराकिलो छाती, सिधा शरिर, बलियो खट्टा हुनुपर्ने
२. स्वस्थ र बलियो हुनुको साथै आक्रामक स्वभावको हुनुपर्ने
३. बोकाको दुवै अण्डकोष बराबर भएको हुनुपर्ने
४. फिला र काँधमा मासुले भरिएको र पछाडीबाट हेर्दा त्रिभुजाकार देखिने खालको हुनुपर्ने
५. तीन पुस्ते वंशावली अभिलेख भएको हुनुपर्ने
६. खोप अभिलेख तथा पि.पि.आर खोप अनिवार्य लगाएको हुनु पर्ने
७. परजिवी नियन्त्रण अभिलेख
८. स्वास्थ्य प्रमाणपत्र
९. हावापानी मिलदो जुल्दो हुनुपर्ने
१०. उमेर १ वर्ष पुरा भएको र ३ वर्ष ननाघेको साथै शारीरिक तौल कम्तिमा पनि २० के.जी भन्दा माथी भएको हुनुपर्ने।

उन्नत माउ बाखा/पाठीको विवरण

१. दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने
२. २ बर्षमा ३ पटक ब्याउने विशेषता भएको हुनुपर्ने
३. राम्रो दुध उत्पादन तथा पाठा पाठी हुर्काउन सक्ने क्षमता भएका शारीरिक बनावट तथा कल्चौडा र थुन मिलेको हुनुपर्ने
४. तीन पुस्ते वंशावली अभिलेख
५. खोप अभिलेख
६. परजिवी नियन्त्रण अभिलेख
७. स्वास्थ प्रमाणपत्र
८. हावापानी मिल्दो हुनुपर्ने
९. उमेर ८ महिना पुरा भएको र २ वर्ष ननाघेको साथै शारीरिक तौल कम्तिमा पनि १५ के.जी भन्दा माथी भएको हुनु पर्ने।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाइ, नुवाकोट**

फोन नं.: ०१०-५६०२१६,०१०-५६१८४९
इमेल :pmamp.piu.nuwakot@gmail.com
Website: piunuwakot.pmamp.gov.np

प.सं. २०७८/७९
सू.नं. २६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई, नुवाकोट

आर्थिक प्रस्तावना

| क.स. | आपुर्ती गरिने वस्तुको विवरण | जात | जातीय शुद्धता प्रतिशत | एकाइ | प्रति एकाइ मुल्य अङ्कमा | प्रति एकाइ मुल्य अक्षरमा | आपुर्ती गर्न सकिने परिमाण संख्यामा |
|---|---|---|---|---|---|---|---|
| १ | बोका | बोयर | | के.जी. | | | |
| २ | पाठा | बोयर | | के.जी. | | | |
| ३ | पाठी | बोयर | | के.जी. | | | |

माथी उल्लेख गरिएको विवरण कार्यालयले सूचनामा तोके अनुसारको Specifications का बोका पाठा पाठी उल्लेखित परिमाण र दरमा आपुर्ति गर्न मञ्जुर छु/छौं। फरक परेमा कानुन बमोजिम सहुला बुझाउला।

आपुर्तिकर्ताको विवरण

फर्म/कम्पनीको नामः

छापः

प्रोपाइटरको नामः

दस्तखतः

मो.नं.

सामाग्री संग विक्रेताले उपलब्ध गराउन सक्ने थप अन्य सुवीधाहरू भए छुट्टै पानामा उल्लेख गरी यसै प्रस्तावसाथ राखि पेश गर्ने।

संलग्न कागजातहरू

१. संस्था दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि।
२. संस्थाको प्यान/भ्याट प्रमाण पत्रको प्रतिलिपि।
३. रु.१० को टिकट टाँस गरेको शिलबन्दी दरभाउ पत्र।
४. आ.व. २०७७/७८ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
५. विगतका बर्षहरुमा गरेका कार्यहरुको अनुभव संबन्धी कागजात (भएमा)।
६. कुनैपनी सरकारी वा गैह सरकारी संस्थाहरुबाट कारोबार गर्दा कालो सुचीमा नपरेको स्वयं घोषणपत्र ।

२०७८/०९/२२

सुरेन्द्र प्रसाद पोखरेल